आज मिति २०७५ साल असोज २२ गते सोमवारका दिन यस नरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति एवं निर्णयहरु देहाय बमोजिम रहेको छ ।

**उपस्थिती**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकण्ठ न्यौपाने | उपस्थित |
| उप प्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं १ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं २ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं ३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं ४ | श्री विश्वराज न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं ५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं ६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं ७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं ८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं ९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं १० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं ११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं १२ | श्री तोत्रबहादुर कुवर | उपस्थित |
| वडाध्यक्ष वडा नं १३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं १४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| **कार्यकारीणी सदस्यहरु** | | |
| | श्री तमबहादुर दरै | उपस्थित |
| | श्री कल्पना पोखेल | उपस्थित |
| | श्री अमृतबहादुर नेपाली | उपस्थित |
| | श्री चन्द्रमाया परियार | उपस्थित |
| | श्री मधुमाया घर्ती | उपस्थित |
| | श्री सुनसरी गुरुङ्ग | उपस्थित |
| | श्री नरीमाया राना | उपस्थित |
| सदस्य सचिव | श्री हरिप्रसाद वांस्तोला | उपस्थित |
| शाखा अधिकृत | श्री मेघनाथ आचार्य | उपस्थित |

**निर्णय नं.१:** व्यास नगरपालिकाद्वारा आ.व. २०७५/०७६ मा संचालन हुने योजनाहरुको संचालन र अनुगमन निम्नानुसार गर्ने गरी कार्यतालिका तय गर्ने तथा जिम्मेवारी निर्धारण गर्ने निर्णय गरियो ।

(क) उपभोक्ता समितिबाट संचालन/निर्माण हुने योजनाहरुको हकमा २०७५ कार्तिक मसान्तसम्म सम्झौता गरी योजनाहरु अगाडि बढाउने ।

(ख) सम्झौता भएका मितिले ४ महिनासम्म योजना सम्पन्न गरिसक्नु पर्नेछ ।

(ग) ठेक्का/टेण्डर प्रकियाबाट संचालन हुने योजनाहरुको हकमा २०७५ मंसिर मसान्तसम्म टेण्डर प्रकृया अगाडि बढाई सक्नुपर्ने र २०७५ पौष मसान्तसम्म सम्झौता गरी सक्नुपर्नेछ ।

(घ) व्यास नगरपालिकाद्वारा संचालित १० (दश लाख) माथिका नगर स्तरीय योजनाहरुको सम्झौता भएदेखि निर्माण सम्पन्न हुँदा सम्मको अनुगमनको जिम्मा उपप्रमुख श्री मीरा जोशीलाई दिने निर्णय गरियो ।

(ङ) वडा स्तरीय योजनाहरुको अनुगमनको जिम्मा सम्बन्धित वडाका वडाध्यक्षको नेतृत्वमा वडा समितिलाई दिने निर्णय गरियो ।

**निर्णय नं.२:** व्यास न.पा. का १४ वटै वडाहरुमा सार्वजनिक सुनुवाई कार्यक्रम २०७५ मंसिर १५ देखि २०७५ पौष १५ सम्म सम्पन्न गर्ने र यस कार्यको लागि सवै शाखाका शाखा प्रमुख एवं वडा समितिसँग समन्वय गरी कार्यक्रमको संयोजन तथा व्यवस्थापन गर्न वरिष्ठ आ.ले.प. अधिकृत श्री कुमार कन्चन जि.सी. लाई जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं.३:** भूकम्प प्रविधि राष्ट्रिय समाज नेपालको प्राविधिक सहयोगमा तयार पारिएको यस न.पा. को आर्थिक तथा सामाजिक सर्भेक्षणको प्रारम्भिक तथ्यांकको प्रतिवेदन प्राप्त भई सो प्रतिवेदन उपर छलफल गरियो । प्राप्त हुन आएको प्रतिवेदन अनुसारको तथ्यांकहरुको विश्लेण गरी आर्थिक, सामाजिक सर्भेक्षणको कार्यलाई पूर्णता दिन स्वीकृत शहरी विकास योजना तयार गर्न जिम्मा दिइएको विज्ञहरुसँग समन्वय गरी सोको लागत सहितको प्रस्ताव तयार गर्न प्रशासन शाखालाई जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं.४:** विजया दशमीको अवसरमा व्यास नगरपालिका भित्रका मठ, मन्दिरहरुको सरसफाई, रंगरोगन लगायत व्यवस्थापन गर्न लागेको खर्च भुक्तानी वडा कार्यालयको सिफारिसमा नगर प्रमुखबाट निर्णय गरी गर्ने निर्णय गरियो ।

**निर्णय नं.५:** व्यास नगरपालिका क्षेत्रभित्र रहेका सार्वजनिक जग्गाहरुको विवरण वडा कार्यालय र टोल विकास संस्थाहरुको सहयोगमा अद्यावधिक गरी राख्ने निर्णय गरियो ।

**निर्णय नं.६**: विजया दशमी, शुभ दीपावली, छठ, इदको अवसरमा शुभकामना आदान प्रदान कार्यक्रम मिति २०७५ साल आश्विन २६ गते शुक्रवार दिनको २.०० बजे नगर सभा हलमा गर्ने निर्णय गरियो ।

**निर्णय नं.७:** व्यास नगरपालिका क्षेत्रभित्रका जग्गाहरुमा जग्गा विकास योजना (Land Pooling Plan) गर्ने कार्यका बारेमा बैठकमा विस्तृत छलफल गरियो । यस न.पा. क्षेत्रभित्रका प्रस्तावित शिशाघाट, रानीगाउँ, बैरेनी, सिमलटार, नराङ्गा, माझफाँट र पतेनीका जग्गाहरुलाई यस कार्यका लागि छनौट गर्ने र सम्बन्धित क्षेत्रका जग्गाधनी, प्रतिनिधि समेतलाई संलग्न गराई भक्तपुर न.पा.को अध्ययन गरी जग्गा विकास योजनालाई अगाडि बढाउन निम्न अनुसारको समिति गठन गर्ने निर्णय गरियो । उक्त समितिबाट २०७५ कार्तिक मसान्तसम्म प्रतिवेदन पेश गर्न समेत निर्देशन दिने निर्णय गरिन्छ ।

| | |
|---|---|
| संयोजक | श्री सतिशचन्द्र न्यौपाने |
| सदस्य | श्री सुरेश थापा |
| सदस्य | श्री तुलसीराम सापकोटा |
| सदस्य | श्री ढालप्रसाद घिमिरे |
| सदस्य | श्री रामकृष्ण अधिकारी |
| सदस्य | श्री कृष्णदेवी खनाल |
| सदस्य सचिव | श्री रविन्द्रलाल मूल |

**निर्णय नं.८:** व्यास नगरपालिका वडा नं १० स्थित वृद्व तथा छाडा पशु व्यवस्थापन केन्द्रलाई व्यवस्थापन गर्ने सम्बन्धमा विस्तृत छलफल गरियो । त्यहाँ रहेका पशुहरुलाई पराल, दाना, पानी, नून लगायत आवश्यक सामाग्रीहरु खरिद गरी व्यवस्थापन गर्न रु.२,००,०००। (अक्षेरुपी दुई लाख रुपैयाँ) मात्र विनियोजन गर्ने निर्णय गरियो । साथै गाईलाई धार्मिक परम्परा अनुसार खरिद गर्न आएमा अन्यत्र पठाउन सम्बन्धित वडा समितिलाई जिम्मा दिने निर्णय गरिन्छ ।

**निर्णय नं ९:** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको जग्गा प्राप्ति गर्ने र लिजमा लिंदा अपनाउनु पर्ने कार्यविधिका बारेमा प्राप्त परिपत्र बैठकमा जानकारी गराइयो । साथै मिति २०७५/०६/२२ गते बिहानमा व्यास नगरपालिका वडा नं.१ को वडा कार्यालयको केन्द्र र जग्गा व्यवस्थापन गर्न बोलाइएको सर्वपक्षीय बैठकबाट सो सम्बन्धमा अध्ययन गरी प्रतिवेदन दिन गठन भएको संयोजक श्री रमेशचन्द्र हड्खले रहेको ९ सदस्यीय समितिलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०:** नगर प्रमुखहरुको अन्तर्राष्ट्रिय संसद (Global Parliament of Mayors (GPM) को सदस्यता लिने विषयमा बैठकमा छलफल गरियो । उक्त संसदको सदस्यता लिने प्रकृयालाई अगाडि बढाउने निर्णय गरियो । साथै उक्त संस्थाको कार्तिक ४, ५ र ६ गते (Oct 21, 22, 23) मा संयुक्त राज्यको ब्रिस्टोलमा हुने बैठकमा नगर प्रमुख श्री वैकुण्ठनाथ न्यौपानेलाई आमन्त्रण गरी टिकट तथा होटलवास उपलव्ध गराउने जनाएकाले उक्त स्थानमा भाग लिन जान अनुमति प्रदान गर्न सम्बन्धित मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरिन्छ ।

**निर्णय नं.११:** व्यास न.पा. भित्रका निम्न विद्यालयहरुमा विद्यालय व्यवस्थापन समितिको सिफारिसमा आगामी ३ वर्षका लागि तपसिल बमोजिमका विद्यालयमा निम्नानुसारका शिक्षकहरुलाई प्रधानाध्यापकमा नियुक्ति गर्ने प्रस्तावलाई अनुमोदन गर्ने निर्णय गरियो । साथै अनुमोदित प्र.अ.हरु सँग ३ वर्षे करार गर्न शिक्षा शाखा प्रमुखलाई जिम्मा दिने निर्णय गरिन्छ ।

तपशिल

| सि.नं | विद्यालयको नाम र ठेगाना | शिक्षकको नामथर | तह/श्रेणी | कैफियत |
|---|---|---|---|---|
| १ | सिद्धेश्वरी मा.वि. व्यास १२ | नारायणप्रसाद अधिकारी | मा.द्वि | |
| २ | वाराही मा.वि. व्यास ११ | उमादेवी भट्टराई | मा.द्वि | |
| ३ | जनजुक्त शाही मा.वि. व्यास ५ | ज्ञानेन्द्र न्यौपाने | मा.तृ | |
| ४ | सर्वज्योति मा.वि. व्यास १० | कश्यपराज जमरकट्टेल | मा.तृ | |
| ५ | केशवटार मा.वि व्यास १४ | दुर्गाबहादुर आले | मा.द्वि | |
| ६ | उदय मा.वि. व्यास ५ | नवराज वाग्ले | मा.तृ | |
| ७ | वेदव्यास प्रा.वि. व्यास ४ | सीता वाग्ले | प्रा.तृ | |
| ८ | क्यामिनकोट मा.वि. व्यास ७ | कृष्णहरि वाग्ले | नि.मा.द्वि | नि.प्र.अ |
| ९ | शिव मा.वि. व्यास १० | तिर्थराज परियार | मा.तृ | |
| १० | निर्मल मा.वि. व्यास १ | गणेशचन्द्र वस्नेत | मा.द्वि | ५ वर्ष |
| ११ | चण्डिदेवी रा.मा.वि. व्यास १० | रामचन्द्र पोखेल | मा.द्वि | |

**निर्णय नं.१२:** भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र दमौली तनहुँको च.नं २९ मिति २०७५/६/१४ बाट प्राप्त कृषक वर्गीकरण एवं कार्यविधि बारे बैठकमा जानकारी गराइयो । सम्बन्धित वडाहरुबाट विवरण लिई प्रदेश सरकार समक्ष पठाउने निर्णय गरिन्छ ।

**निर्णय नं.१३**: व्यास नगरपालिकाद्वारा आव्हान गरिएको निम्न टेण्डर/बोलपत्रलाई स्वीकृत गर्ने निर्णय गरियो ।

(क) व्यास नगरपालिका कार्यालय अन्तर्गत विभिन्न स्वास्थ्य संस्थाहरुको लागि अत्यावश्यक औषधी तथा सर्जिकल सामानहरु खरिद गर्ने सम्बन्धमा मिति २०७५/५/३० मा प्रकाशित गोप्य सिलबन्दी दरभाउपत्र सम्बन्धी सूचना अनुसार न.पा. कार्यालयको विभागीय लागत अनुमान रु.३०,००,१३८।४० (अक्षेरुपी तिस लाख एक सय अडतिस रुपैया चालिस पैसा) मा सबैभन्दा बढी रकम रु.९२,७६८।४० (अक्षेरुपी बयानब्बे हजार सात सय अड्सठ्ठी रुपैया चालिस पैसा) घटी दरभाउ पत्र दर्ता गराउने श्री चिराग फार्मेसी, रानी पौवा पोखराले कवोल गरेको रु.२९,०७,३७०। (अक्षेरुपी उनान्तीस लाख सात हजार तिन सय सत्तरी रुपैयाँ) रकम दरभाउपत्र स्वीकत गरी कार्य अगाडि बढाउन मनासिव देखि मूल्यांकन समितिबाट सिफारिस भई आएकोले उक्त चिराग फार्मेसीको दरभाउपत्र स्वीकृत गरी कार्य अगाडि बढाउने निर्णय गरियो ।

(ख) व्यास न.पा.को नवनिर्मित बहुउद्देश्यीय भवनको लागि आवश्यक फर्निचर खरिद तथा जडान गर्ने सम्बन्धमा मिति २०७५/५/८ मा प्रकाशित गोप्य सिलबन्दी दरभाउपत्र सम्बन्धी सूचना अनुसार दर्ता हुन आएका विभिन्न ७ वटा फर्म तथा Online मार्फत दर्ता हुन आएका ५ गरि १२ वटा फर्महरु मध्ये श्री ए.बि.सि. ट्रेड एण्ड सप्लायर्स बिजुली बजार काठमाण्डौंले न.पा. कार्यालयको विभागीय लागत अनुमान (भ्याट वाहेक) रु.४७,५८,९९३। (अक्षेरुपी सड्चालीस लाख अन्ठाउन्न हजार नौ सय त्रियानव्वे रुपैयाँ) मा सबै भन्दा बढी २०.९० प्रतिशत अंक घटी दर्ता गराएको (भ्याट वाहेक) रु.३४,३१,२४१।०२ (अक्षेरुपी चौतिस लाख एकतिस हजार दुई सय एक्चालीस रुपैया दुई पैसा) अंकको बोलपत्र स्वीकृतका लागि मूल्यांकन समितिबाट सिफारिस भै आएकाले उक्त श्री ए.वि.सि. ट्रेड एण्ड सप्लायर्स बिजुली बजार काठमाण्डौंको बोलपत्र स्वीकृत गरी खरिद कार्य अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.१४:** यस व्यास नगरपालिका भित्र सडक बत्ती व्यवस्थापन गर्न ए.वि.सि. केवल आपूर्ति गर्नका लागि टेण्डर नं 02/Goods/NCB/Vyasmun/075/076 बाट बोलपत्र आव्हान गरी पोखरा थर्मोटेक प्रा.लि. पोखरा ९ कास्कीको बोलपत्र स्वीकृत भई ७००० मिटर केवल खरिद कार्य अगाडि बढाइएकोमा व्यास न.पा.को आवश्यकतालाई त्यसबाट पुरा हुन नसक्ने भएकाले थप १००० मिटर ए.वि.सि केवल लिनुपर्ने हुँदा पोखरा थर्मोटेक प्रा.लि. ले कवोल गरेको दर रेटमा नबढ्ने गरी थप १००० मिटर ए.वि.सि. केवलको V.O स्वीकृत गरी खरिद प्रकृया अगाडि बढाउने निर्णय गरियो । साथै पोखरा थर्मोटेक प्रा.लि.लाई ७००० मिटर ए.वि.सि. केवल को रु.११,८४,४००। र थप भएको १००० मिटर केवल रु.१,६९,२००। गरी जम्मा हुन जाने १३,५३,६००। (अक्षेरुपी तेह्रलाख त्रिपन्न हजार छ सय रुपैया) को १३% ले हुन जाने भ्याट रु.१,७५,९६८। समेत जम्मा कुल रकम रु.१५,२९,५६८। (अक्षेरुपी पन्ध्र लाख उनान्तीस हजार पाँच सय अड्सठ्ठी रुपैया) मात्र भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.१५:** व्यास न.पा. कार्यालय योजना शाखा प्रमुख इन्जिनियर श्री राजु पौडेलले मिति २०७५/६/१८ मा आवास सुविधा सम्बन्धमा दिनु भएको निवेदन उपर बैठकमा छलफल गरियो । निजको माग अनुसार दमौली बजारमा आवास सुविधा उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१६:** व्यास न.पा. वडा नं.१ को नारेश्वर खोल्सीको जग्गा सम्याउन र वडा नं.१ को कच्ची नालाको माटो सम्याउन दमौली कन्ट्रक्सन र वि.पि.डि. कन्स्ट्रक्सनको एक्साभेटर र JCB द्वारा गरिएको कामको अन्तिम मूल्यांकन अनुसारको रकम रु.१,५७,२००। (अक्षेरुपी एक लाख सन्ताउन्न हजार दुई सय रुपैया) भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.१७:** हाल व्यास नगरपालिका वडा नं.१ बस्ने सोममाया गुरुङ्गको नाउमा रहेको सविक कर्लुङ्ग ६/ख हाल व्यास नगरपालिका वडा नं.१ अम्रेनी स्थित कि.नं.९२७ क्षेत्रफल ०-१२-०-० भएको जग्गाको पश्चिम दक्षिणतर्फ निर्माण भएको त्रिशक्ति शिवालय मन्दिर निर्माण गर्दाका बखत सोही जग्गासँग जोडिएको सार्वजनिक जग्गामा निर्माण हुनुपर्ने मन्दिर जग्गाको एकिन हुन नसक्दा भुलवस निज सोममाया गुरुङ्गको जग्गामा बन्न गएको देखिन आएकोले सो मन्दिरले ओगटेको उल्लेखित कित्ताको १२ आना जग्गा मध्ये दक्षिण पश्चिम तर्फबाट ०-१-०-० जग्गा त्रिशक्ति शिवालय मन्दिरको नाउमा रहने गरी कित्ताकाट तथा रजिष्ट्रेशन पास हुन मालपोत कार्यालय र नापी कार्यालयलाई सिफारिस गरी पाउँ भनी सम्बन्धित जग्गाधनी र मन्दिर संरक्षण समितिबाट प्राप्त हुन आएको निवेदन उपर छलफल गरियो सो सम्बन्धमा यस अगाडि सम्बन्धित कार्यालयमा सामान्यतया ३ आना भन्दा कम क्षेत्रफल हुने गरी कित्ताकाट नगर्न तथा रजिष्ट्रेशन पास नगरी दिन सम्बन्धित कार्यालयलाई पत्रचार गरिएको भएतापनि माथि उल्लेखित कित्ताको हकमा १२ आना मध्ये १ आना जग्गा त्रिशक्ति शिवालय मन्दिर निर्माण भए तर्फको व्यास १ को नाउँमा स्वामित्व रहने गरी कित्ताकाट तथा रजिष्ट्रेशन पास गरिदिन सम्बन्धित कार्यालयमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं.१८:** यस व्यास नगरपालिका कार्यालयमा कार्यरत नगर प्रहरीहरुले दिएको मिति २०७५/०६/२१ गतेको चाडवाड खर्च सम्बन्धमा भन्ने निवेदन उपर बैठकमा छलफल भयो । यस न.पा. कार्यालयमा करार सेवामा कार्यरत कर्मचारीहरुको करार सम्झौतामा चाडपर्व खर्च उल्लेख नभएको हकमा आधा महिनाको चाडपर्वको खर्च उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१९:** व्यास नगरपालिका कार्यालयको पुरानो कार्यालय भवनको बाहिरी सरफेसमा मात्र रंगरोगन गर्ने लगायतका कार्य रु.५ लाख भित्रमा नबढ्ने गरी कोटेशन माग गरी रंगरोगन गर्ने कार्यलाई अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.२०:** नेपाल विद्युत प्राधिकरण तनहुँ वितरण केन्द्रको च.न २८५ मिति २०७५/६/१५ को सडक बत्तीको बक्यौता महशुल सम्बन्धमा प्राप्त पत्र बैठकमा जानकारी गराइयो । सो सम्बन्धमा पुरानो जडान गरिएको मिटरबाट के कति कुन कुन सडकमा बत्तिबलेको छ र कुन कुन सडकमा बत्ती बलेको छैन सो बारेमा अध्ययन गर्ने र वक्यौता विद्युत महशुलका सम्बन्धमा समेत के गर्न सकिन्छ सो बारेमा अध्ययन गरी प्रतिवेदन दिन निम्नानुसारको समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| संयोजक | श्री विश्वराज न्यौपाने |
| सदस्य | श्री प्रेमकुमार श्रेष्ठ |
| सदस्य | श्री टुकबहादुर हमाल |
| सहयोगी | श्री विष्णुकुमार जोशी |
| सहयोगी | श्री पूर्णबहादुर दरै |

**निर्णय नं.२१:** व्यास नगरपालिकाद्वारा आयोजना गरिने मेयर कप फुटवल प्रतियोगिता मिति २०७५ साल कार्तिक महिना (दशै तिहारको बीचमा) संचालन गर्ने निर्णय गरियो । यस प्रतियोगितामा व्यास न.पा.का १४ वटै वडाहरुलाई सहभागी गराउने निर्णय गरिन्छ । साथै यस खेल संचालन गर्न निम्नानुसारको समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| संयोजक | श्री मोहनकुमार श्रेष्ठ |
| सदस्य | श्री तुलसीराम सापकोटा |
| सदस्य | श्री सुरेश थापा |
| सदस्य | श्री विश्वराज न्यौपाने |
| सदस्य सचिव शाखा अधिकृत | श्री मेघनाथ आचार्य |

साथै उक्त समितिलाई २०७५ सालको शहिद दिवशको उपलक्ष्यमा म्याराथुन प्रतियोगिता संचालन गर्ने प्रस्ताव तयार गरी पेश गर्ने समेत जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं.२२:** जिल्ला प्रहरी कार्यालय तनहुँको अनुरोधमा प्रहरी दिवश २०७५ को उपलक्ष्यमा महिला हिंसा र लागू औषध विरुद्ध साथ साथै कार्यक्रमका लागि प्रस्ताव पेश भएकोमा सो उपर छलफल भयो, उक्त कार्यक्रमका लागि नगरपालिकाद्वारा रु.२,५०,०००। सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं.२३:** बिगत वर्ष झै यस वर्षपनि विजया दशमी तथा शुभ दीपावलीमा लामो समयसम्म कार्यालय बन्द रहने भएको र सो समयमा कार्यालयमा पालो पहरा बस्ने तथा बजार क्षेत्रको सरसफाई गर्ने कर्मचारीहरु र निरीक्षण गर्ने कर्मचारीलाई खाना र खाजा खर्च वापत जनही प्रति, दिनको रु.५००। (पाँच सय रुपैया) रकम उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.२४:** व्यास नगरपालिका वडा नं.१ स्थित रहेको आदिकवि भानुभक्त क्याम्पसको हाताभित्र रहेको श्री शहिद चन्द्र छात्रावासको लागि रु.५,००,०००। (अक्षेरुपी पाँच लाख रुपैयाँ) अनुदान दिने निर्णय गरियो ।

**निर्णय नं.२५:** यस नगरपालिका कार्यालयलाई दुई वटा सवारी साधन (मोटर साइकल) आवश्यक भएको हुंदा नियमानुसार उक्त सवारी साधन खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं.२६** व्यास नगरपालिका वडा नं.५ चापाघाटबाट पाटन जाने पराशर मार्गमा परेका जग्गाहरुको ०-२-२-० भन्दा कम जग्गा रही घर बनाउन नसक्ने इच्छुक जग्गाधनीहरुको विवरण लिई त्यस्ता जग्गाहरुलाई कानून बमोजिमको अधिग्रहण गर्ने प्रकृया अघि बढाउन तनहुँ विद्युत परियोजनालाई अनुरोध गर्ने निर्णय गरिन्छ ।